# Wean Nepal Laghubitta Bittiya Sanstha Ltd

Melamchhi-13, Sindhupalchowk

## Unaudited Financial Results (Quarterly)

**Up to Poush 30, 2078**
**Fiscal Year 2078/079**

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **1,057,068.50** | **908,407.02** | **836,313.39** |
| 1.1 | Paid-up Capital | 76,095.00 | 61,500.00 | 61,500.00 |
| 1.2 | Reserves and Surplus | 21,559.09 | 30,981.82 | 12,946.83 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 722,235.21 | 617,228.92 | 588,421.09 |
| 1.5 | Deposits (a+b) | 158,642.97 | 130,034.87 | 114,898.35 |
| | a. Domestic Currency | 158,642.97 | 130,034.87 | 114,898.35 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | - | - | - |
| 1.7 | Other Liabilities | 78,536.24 | 68,661.41 | 58,547.12 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **1,057,068.50** | **908,407.02** | **836,313.39** |
| 2.1 | Cash & Bank Balance | 80,204.48 | 34,959.08 | 74,285.59 |
| 2.2 | Money at call and short Notice | 16,809.69 | 23,561.84 | 13,849.20 |
| 2.3 | Investments | 39,985.00 | 58,000.00 | - |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 878,640.57 | 757,560.19 | 715,811.11 |
| 0 | a. Real Estate Loan | - | - | - |
| 0 | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | - | - | - |
| 0 | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| 0 | 3. Income generating Commercial Complex Loan | - | - | - |
| 0 | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | - | - | - |
| 0 | b. Personal Home Loan of Rs. 10 million or less | - | - | - |
| 0 | c. Margin Type Loan | - | - | - |
| 0 | d. Term Loan | - | - | - |
| 0 | e. Overdraft Loan / TR Loan / WC Loan | 878,640.57 | 757,560.19 | 715,811.11 |
| 0 | f. Others | - | - | - |
| 2.5 | Fixed Assets | 14,890.36 | 4,478.05 | 5,205.61 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 26,538.39 | 29,847.86 | 27,161.88 |
| 3 | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 60,076.35 | 25,944.02 | 48,916.61 |
| 3.2 | Interest Expense | 36,678.49 | 14,966.35 | 26,614.77 |
| A | **Net Interest Income (3.1-3.2)** | **23,397.86** | **10,977.68** | **22,301.84** |
| 3.3 | Fees Commission and Discount | 147.34 | 74.85 | 70.87 |
| 3.4 | Other Operating Income | 5,951.51 | 2,460.34 | 5,177.43 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **29,496.71** | **13,512.87** | **27,550.13** |
| 3.6 | Staff Expenses | 13,407.42 | 6,476.58 | 11,288.03 |
| 3.7 | Other Operating Expenses | 8,175.11 | 4,133.51 | 4,576.25 |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **7,914.18** | **2,902.79** | **11,685.85** |
| 3.8 | Provision for Possible Loss | 35,437.32 | 18,435.54 | 547,625.13 |
| D | **Operating profit (C-3.8)** | **(27,523.14)** | **(15,532.75)** | **(535,939.27)** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 30,324.34 | 11,024.11 | 549,615.06 |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **2,801.20** | **(4,508.64)** | **13,675.79** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | (32.61) | - | (33.27) |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **2,768.59** | **(4,508.64)** | **13,642.52** |
| 3.12 | Provision For Staff Bonus | 276.86 | - | 1,364.25 |
| 3.13 | Provision For Tax | 747.53 | - | 3,683.48 |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **1,744.20** | **(4,508.64)** | **8,594.79** |
| 4 | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.48% | 10.70% | 9.77% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 4.89% | 6.72% | 4.15% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 77.10% | 63.37% | 47.19% |
| 4.4 | Cost of Funds | 11.81% | 8.99% | 7.16% |

**Loans and investment are presented on gross basis. loss provisions are included on other liabilities.**
**Previous period figures have been regrouped/rearranged wherever necessary.**
**Above figures are subject to change upon otherwise instructions of Statutory Auditors and/or Regulatory Authorities.**

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को**
**अनुसुची-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०७८/०७९ को दोश्रो त्रैमासिक विवरण

**१. वित्तीय विवरण :**

**(क)** यस वित्तीय संस्थाको प्रथम त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**(ख) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रतिशेयर आम्दानी (वार्षिकीकरण गरिएको) | मूल्य आम्दानी अनुपात | प्रतिशेयर नेटवर्थ | प्रतिशेयर कूल सम्पतिको मूल्य | तरलता अनूपात |
|---|---|---|---|---|
| ४.५८ | १८१.२७ | १२८.३३ | १३८९.१४ | ८१.६०% |

**२. व्यवस्थापकीय विश्लेषण :**

क) विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९ को तेश्रो भेरियन्टले संस्थाको कारोवारमा असर परेको छ । यसै अवधिमा मुलुकमा देखिएको तरलताको समस्याको कारणले कर्जा लगानी योग्य स्रोतको अभाव र बैंक तथा वित्तीय संस्थाहरुले यस अवधिमा सापटीमा बढाएको ब्याजदरको कारणले संस्थाको सञ्चालन मुनाफामा धेरै प्रभाव पारेको छ । तथापी संस्थाको कर्जा लगानी र बचत बृद्धिमा व्यवस्थापनले सकारात्मक बृद्धि हासिल गर्न सकेको छ ।

**ख)** नीतिगत व्यवस्थामा भएको परिवर्तनले आगामी दिनमा संस्थाको वित्तीय लागतमा प्रभाव पार्ने जोखिम यथावत रहेको छ । लघुवित्तको प्रमुख स्रोतको रुपमा रहेको वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाबाट प्राप्त हुने सापटीमा तरलताको समस्याको कारणले गर्दा उनीहरुको आधार दरमा अधिकतम दरमा प्रिमियम थप गर्ने प्रवृत्तिले लघुवित्तको दिगोपनको अवस्थामा नै प्रश्न चिन्ह लाग्ने अवस्था देखिन्छ। साथै, अस्वस्थ प्रतिस्पर्धा, सदस्यको दोहोरोपन, दक्ष जनशक्तिको लागतमा बृद्धि जस्ता कारणले संचालन जोखिममा बृद्धि ल्याएको छ। तथापी संस्थाले जोखिम न्यूनीकरण गर्दै अगाडि बढ्ने रणनीति लिएको छ ।

**ग)** नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि. र विन लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने गाभिने कार्य पश्चात् २०७८ कार्तिक १५ गतेदेखि विन नेपाल लघुवित्त वित्तीय संस्था लि. को नामबाट कारोवार शुरु गरिएको छ । यसरी दुई संस्था एक आपसमा गाभ्ने गाभिने कार्य समाप्त भए पश्चात् संस्थाको कर्जा लगानी गर्ने क्षमतामा बृद्धि भै कारोवारको रकममा समेत उत्साहजनक बृद्धि भएको छ ।

**घ)** माथि उल्लेखित दुई संस्था एक आपसमा गाभिए पश्चात् यस संस्थाले हाल ८ वटा जिल्लामा २१ वटा शाखामार्फत १२,३६२ ग्राहक सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आएको छ । लघुवित्त वित्तीय संस्थाहरु विचमा भईरहेको तिव्र प्रतिस्पर्धाको सामना गर्नको लागि संस्थाका कर्मचारीहरुलाई भर्चुअल तालीम दिई प्रतिस्पर्धात्मक बनाउन प्रयास गरिएको छ । आगामी दिनमा हाल संचालनमा रहेका शाखाहरुलाई थप मजबुत बनाउँदै लग्ने र थप शाखाहरु मार्फत लक्षित मुनाफा हासिल गर्ने उद्देश्य रहेको छ । त्यस्तै, ग्राहकहरुलाई समय सापेक्ष नयाँ सेवाहरु प्रदान गर्दै संस्थाको सेवालाई आधुनिकीकरण गर्दै लग्ने लक्ष्य रहेको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

**क)** यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको बिरुद्धमा कुनै मुद्दा दायर भएको छैन ।

**ख)** यस संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको जानकारी प्राप्त भएको छैन ।

**४. वित्तीय संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :**

**क)** दोस्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सुचिकृत गराई कारोवार भई रहेको छ ।

**ख)** नेपाल स्टक एक्सचेन्जको वेभसाईट अनुसार यस दोस्रो त्रैमासिक अवधिमा भएको यस वित्तीय संस्थाको शेयर कारोवारको विवरण निम्नानुसार छ । (मिति २०७७/०९/०१ देखि कारोवार रोक्का रहेको हुँदा सो मितिभन्दा अघिको कारोवारको तथ्याङ्क मात्र प्रस्तुत)

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ८६२ | ६५५ | ८३१ | ५७ | ५६७०८ |

**ग)** यस वित्तीय संस्था र विन लघुवित्त वित्तीय संस्था एक आपसमा गाभिने प्रक्रियामा रोक्का रहेको शेयर कारोवार पुनः सञ्चालन गर्ने प्रयोजनको लागि धितोपत्र पुनः दर्ताको प्रक्रिया अघि बढाइएको ।

**५. समस्या तथा चुनौती :**

**क)** कोभिड-१९ को संक्रमणको तेश्रो लहरले लघुवित्त कार्यक्रम संचालनमा थप चुनौती खडा गरेको छ । कोभिड-१९ को संक्रमणको कारणले सदस्यहरुसंग नियमित साँवा र व्याजको किस्ता उठाउन चुनौतीपूर्ण बन्दै गएको छ ।

**ख)** लघुवित्त वित्तीय संस्थाहरु स्रोतको लागि बैंक तथा वित्तीय संस्थाहरुमा निर्भर रहनु पर्ने वर्तमान अवस्थामा आधार दर भन्दा कम दरमा सापटी प्रदान गर्न नहुने नियमन व्यवस्थाको कारणले लघुवित्त वित्तीय संस्थाहरुको लागतमा बृद्धि भएको छ भने अर्कोतिर यस त्रयमास देखिएको तरलताको अभावले बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने थोक कर्जाको व्याजदर मा भएको ब्यापक बृद्धि र लघुवित्त वित्तीय संस्थाहरुले कर्जामा लिन पाउने व्याजदरको सीमाको नकारात्मक प्रभाव यस त्रयमासको वित्तीय अवस्थामा समेत देखिएको छ ।

**६. संस्थागत सुशासन :**

यस लघुवित्त वित्तीय संस्थामा संस्थागत सुशासनको स्तरलाई उच्च कायम राख्न सदैव प्रतिवद्ध रहेको छ । नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायद्वारा जारी गरिएका नीति निर्देशनलाई सजगताका साथ पालना गरिएको छ । संस्थाको कार्य तथा कारोबारलाई व्यवस्थित गर्न आवश्यकता अनुसार समितिहरु गठन गरी आवश्यक नीति तथा निर्देशिका तर्जुमा गरी उक्त नीति तथा निर्देशिकाहरुलाई संचालक समितिबाट पारित गरी कडाईका साथ पालना गरी अगाडि बढाइएको छ ।

**७. कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथाा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य, र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित भई आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।